पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np

प.सं. २०८२/०८३
च.नं.

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०८२/१०/१३

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार को लागि आवेदन दिने सम्बन्धी सूचना

वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय वमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले दश (१०) दिन (मिति २०८२/१०/२२) भित्र यस कार्यालयको रोजगार शाखामा दर्ता गराउन वा यस शाखाको इमेल ठेगाना **paiyunrojgarsewa01@gmail.com** मा पठाउनु हुन अनुरोध गरिन्छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १. कार्य भिसामा विदेश गई कम्तीमा १ वर्ष काम गरी फर्किएको,<br>२. वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पुरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

पुनश्चः १. विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागी आवेदन पेस गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन्।
२.उद्यमी पुरस्कारको लागि छनौट गर्दा; रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग,उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रलाई आधार लिई मुल्याङ्कन गरिने हुँदा यी आधारहरु पुष्ट्याई हुने प्रमाणित कागजातहरू समेत संलग्न गर्नुहुन सूचित गरिन्छ।

..............................
(जिवन गैरे)
प्रमुख प्रशासकीय अधिकृत